**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहको विवरणः-**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
| --- | --- | --- | --- | --- | --- |
| १ | विरेन्द्र मल्ल, प्रकाश आचार्य, बिक्रम बुढा, दलवीर सार्की, राजेन्द्र बुमी, हस्त बहादुर बुमी, धौली कामी, केवल बुढा मु.नं(०८०-CR-०१७९)फैसला मिति २०८१/०५/३० | **गैरकानुनी लाभ हानी पुर्‍याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको समेत** | **आयोगको माग दावी**<br>क. **सोरु गाउँपालिका गाउँ कार्यापालिको कार्यालय मुगुका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत बिरेन्द्र मल्ल, ईन्जिनियर प्रकाश आचार्य र असिस्टेन्ट सव-इन्जिनियर बिक्रम बुढा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.१३,७२,३४०।४५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी विगो असुल उपर हुन तथा बद्नियतपूर्वक गलत प्रतिवेदन दिई दिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको समेत कसूर समेत गरेको हुदाँ निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिईएको छ।<br>ख. **दाक्च-ख्याल्च सडक निर्माण श्रम समितिका अध्यक्ष हस्त बहादुर बुमी, कोषाध्यक्ष धौली कामी र सचिव केवल बुढालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.१३,७२,३४०।४५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिईएको छ।<br>ग. **सोरु गाउँपालिमा कार्यपालिका सदस्य एवं अनुगमन समिति संयोजक दलवीर सार्की र सोरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ७ नं. वडाका तत्कालिन वडाध्यक्ष राजेन्द्र बुमीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिको कसूरमा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर भएको देखिन्छ। | **अदालतको फैसला**<br>प्रतिवादी मध्येका प्रकाश आचार्य र बिक्रम बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिंदा सोको बिगो रु.१३,७२,३४०।४५ को दामासाहीले जनही बिगो रु.२,७४,४६८।०९ कायम भई प्रतिवादीहरु प्रकाश आचार्य र बिक्रम बुढालाई जनही ३ (तीन) महिना कैद र बिगो बमोजिम जरिबाना हुने र प्रतिवादीहरु हस्त बहादुर बुमी, धौली कामी र केवल बुढाले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेकोले सोही उपदफा (४) बमोजिम बिगो बमोजिम जरिबाना हुने र कसूर ठहर भएका प्रतिवादीहरुबाट दामासाहीले हुने जनही बिगो रु.२,७४,४६८।०९ असुल उपर हुने ठहर्छ। प्रतिवादीहरु विरेन्द्र मल्ल, दलवीर सार्की र राजेन्द्र | **क.** सोरु गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय मुगुका प्रमुख प्रशासकिय अधिकृत बिरेन्द्र मल्ल, ईन्जिनियर प्रकाश आचार्य, असिस्टेन्ट सव-इन्जिनियर बिक्रम बुढा, सोरु गाउँपालिमा कार्यपालिका सदस्य एवं अनुगमन समिति संयोजक दलवीर सार्की, सोरु गाउँपालिका ७ नं. वडा कार्यालयका वडा अध्यक्ष राजेन्द्र बुमी, उक्त सडक निर्माण श्रम कार्यदलका अध्यक्ष हस्त बहादुर बुमी, कोषाध्यक्ष धौली कामी र सचिव केवल बुढा समेतको प्रत्यक्ष योजना र मिलेमतोमा निज आफुहरुले गैर कानूनी लाभ लिई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई हानी नोक्सानी पुर्‍याउने बदनियतले स्वीकृत लागत इष्टिमेट विपरित निर्माण कार्य गरी नापी किताव विवरणमा नभएको काम समेत भएको भनी उल्लेख गरी गराई वास्तविक कार्य भन्दा रू.१३,७२,३४०।४५ बढी भुक्तानीको लागी सिफारिस गरी/गराई भुक्तानी समेत लिई/दिई राष्ट्रसेवक आफु तथा उपभोक्ता समितिको पदाधिकारीलाई लाभ र नेपाल सरकार, प्रदेश सरकार, सोरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मुगु समेतलाई हानी नोक्सानी पुर्‍यासएको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतका आधारमा सोरु गाउँपालिका र सडक निर्माण श्रम समिति (उपभोक्ता समिति) बीच भएको सम्झौता विपरित नभएको कामको समेत विवरण नापी किताब र कार्य सम्पन्न प्रतिवेदन र झुठ्ठा बिल भरपाई बनाई प्रतिवादीहरु प्रकाश आचार्य, बिक्रम बुढा, हस्त बहादुर बुमी, धौलि कामी र केवल बुढाले सम्झौता को Dry Stone Masonry Wall तर्फ वास्तविक कार्य भन्दा २२९.४५ घन मिटर बढी कार्य भएको देखाई आरोपदावी बमोजिम प्रतिवादी मध्येका प्रकाश आचार्य र बिक्रम बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसूर गरेको र प्रतिवादीहरु हस्त बहादुर बुमी, धौली कामी र केवल बुढाले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको ठहर गरेतापनि विगो दामासाही गरेको नमिलेको तथा सोही भ्रष्ट्राचार जन्य कार्यमा अनन्य संलग्नता रही मिलेमतोमा नभए नगरेको कार्यको भुक्तानी लिने दिने कार्यमा संलग्न यी प्रतिवादीहरु विरेन्द्र मल्ल, दलवीर सार्की र राजेन्द्र बुमीलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br>**ख.** प्रतिवादीहरु सोरु गाउँपालिकाका कार्यपालिका सदस्य तथा योजना अनुगमन समितिका संयोजक दलवीर सार्की, सोरु गाउँकपालिका वडा नं.७ का वडा अध्यक्ष तथा योजना अनुगमन समितिका वडा प्रतिनिधी राजेन्द्र बुमी, गाउँपालिका कर्मचारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बुमी समेत उपर अन्य आरोपदावी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकी निज प्रतिवादीहरुले आरोपदाबीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको छ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>**क.** प्रतिवादी विरेन्द्र मल्ल प्राविधिक ज्ञान नभएको, प्रशासनिक कर्मचारी रहेको हुँदा प्राविधिक विषयबाट उठान भएको प्रस्तुत मुद्दामा निज प्रतिवादी उपरको आरोप दाबी पुग्न नसक्ने।<br>**ख.** प्रतिवादी विरेन्द्र मल्ल, दलवीर सार्की, र राजेन्द्र बुमी अप्राविधिक व्यक्तिहरु रहेको, बाटो निर्माण योजनाको कार्य सम्पन्न भई सके पछि नाङ्गो आँखाले हेरी अनुगमन सम्म गरेको देखिन्छ। प्राविधिक रुपमा नापजाँच तथा अन्वेषणात्मक अवलोकनबाट मात्र देखिन सक्ने कैफियत निर्माण सम्पन्न भै सके पछि अनुगमन गर्दा यी प्रतिवादीहरुलाई थाहा जानकारी हुन नसक्ने | इन्जिनियर एवं प्रतिनिधि प्रकाश आचार्य र वडा प्राविधिक असिष्टेन्ट सव इन्जिनियर विक्रम बुढाले सोरु गाउँपालिका वडा नं. ७ अन्तरगत दाक्च-ख्याल्च सडक निर्माणको सम्बन्धमा अत्यन्त महत्वपूर्ण मानिने योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा आयोजनाको संयुक्त अनुगमन गर्दा वित्तिय र भौतिक प्रगती सम्पन्न भएको भनी बद्नियतपूर्वक गलत अनुगमन प्रतिवेदन दिई सोही गलत प्रतिवेदनसमेतको आधारमा वास्तविक कार्य भन्दा रु.१३,७२,३४०।४५ बढी रकम दाक्चा देखि ख्याल्च सडक निर्माण श्रम समितिका नाममा भुक्तानी समेत भएको देखिन्छ। फिल्डमा गई प्राविधिक समेतसंग नापजाँच गरी देखिएको बस्तुस्थिति अनुगमन प्रतिवेदनमा खुलाउनु पर्नेमा सो कार्य यी प्रतिवादीबाट भएको छैन भने अर्को तर्फ निज प्रतिवादीहरुले अदालतमा वयान गर्दा समेत योजनामा राम्रोसंग काम भएको छ नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याउने गरी कुनै कार्य गरेको छैन भन्ने समेत ब्यहोरा उल्लेख गरी नभएको कामलाई भए गरेको छ भनि पुष्टि गर्न खोजेको देखिन्छ। यी प्रतिवादीले आफ्नो पदीय जिम्मेवारी पुरा नगरी प्राविधिक कार्य भनि भ्रष्टाचारजन्य कार्यमा (Doctrine of Dereliction of Duty) आँखा चिम्लन सहयोग गर्ने कार्य गरेको तथ्य पुष्टि भएको छ। तसर्थ प्रतिवादीहरु दलवीर सार्की, राजेन्द्र बुमी, प्रकाश आचार्य र विक्रम बुढाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिको कसूर भएको स-प्रमाण पुष्टी भई रहेको अवस्थामा निजहरुलाई आरोपदावी बमोजिमको कसूरमा सजाय गर्नु पर्नेमा निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको त्रुटीपूर्ण छ।<br>**ग.** अनुसन्धानका क्रममा आयोगका इन्जिनियर प्रतिवेदक जनकराज पन्तले मिति२०७९।०१।२५ मा पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन, प्रतिवेदक केशवराज भट्ट र भीम प्रकाश खत्री समेतले तयार गरेको मिति २०७९।०१।१० गतेको स्थलगत मुचुल्का र मिति२०७९।०१।२१ गतेको स्थलगत प्रतिवेदनलाई निजहरुले अदालत समक्ष गरेको वकपत्रबाट समेत पुष्टि गरेको हुँदा उक्त तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) र दफा १८ बमोमजिम प्रमाणमा लिन मिल्ने नै देखिदा देखिदै उक्त प्रमाणको वेवास्ता गरी नभएको कामलाई समेत भएको भनी गलत प्रतिवेदन दिई नभएको नगरेको काम समेतको भुक्तानी दिई राज्यलाई नोक्सानी पुऱ्याएको पुष्टि भइरहेको अवस्थामा उक्त भ्रष्टाचारजन्य कार्यमा संलग्न सवै प्रतिवादीहरुलाई सजाय नगरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>**घ.** प्रतिवादीहरु प्रमुख प्रशासकिय अधिकृत विरेन्द्र मल्ल, अनुगमन समिति संयोजक दलवीर कार्की र वडा अध्यक्ष राजेन्द्र बुमीलाई योजनाको प्रारम्भ देखि अन्तिम भुक्तानी सम्मको विभिन्न काममा जिम्मेवारी (Duty and Obligation) तोकिएको पाईन्छ। Public Authority बहन गर्न यी प्रतिवादीहरुले Public Trust Doctrine |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | स्थिति हुँदा निज प्रतिवादीहरुलाई उपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर कायम गरी सजाय गर्नु न्यायको दृष्टिकोणबाट उपयुक्त देखिएन।<br>**ग.** प्रतिवादीहरु प्रकाश आचार्य र बिक्रम बुढको हकमा दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसूर ठहर भै सकेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर तर्फ केही बोलि रहन नपर्ने। | अनुसार पदको दुरुपयोग नगरी जनहित, पारदर्शिता र उत्तरदायीपूर्ण तरिकाले कार्य गर्नुपर्ने हुन्छ। नापजाँच गर्दा विवरण उल्लेख गरेको छ छैन सोको Cross Checking गरी अन्तिम भुक्तानी दिने दायित्व यि प्रतिवादीहरुमा रहेकोमा Doctrine of Conspiracy को सिद्धान्त अनुसार प्रत्यक्ष प्राविधिक भूमिका नभएपनि भ्रष्टाचारजन्य कार्यमा योजना मिलेमतो गरी Failure to do one's duty of obligation पनि Corruption को सुक्ष्मरुपमा भएकोले उक्त योजनामा नापी कितावमा उल्लेख भए अनुसारको काम नभएको तथ्य पुष्टि भई रहेको अवस्थामा Pyramid Structure मा निर्णयमा संलग्न रहेको यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।<br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु विरेन्द्र मल्ल, दलवीर सार्की र राजेन्द्र बुमीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला र प्रतिवादीहरु प्रकाश आचार्य, विक्रम बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूरमा कसूरदार ठहर नगरेको हदसम्म तथा प्रतिवादी मध्येका हस्त बहादुर बुमी, धौली कामी र केवल बुढालाई अभियोग मागदावी बमोजिम कसूर ठहर भएता पनि विगो दामासाही गरेको हकमा फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |